नेपाली

Vol.27 | 2022.09

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




- ···· कहिले
- ···· शुल्क
- ···· कति जना
- ···· आवेदन दिने तरिका
- ···· कहाँ
- ···· आवेदन दिने ठाउँ
- ···· सम्पर्क

## आवेदन खुला प्रारम्भिक जापानी भाषा कोर्स

यो कोर्स पहिलो पटक जापानी भाषा अध्ययन गर्ने व्यक्तिको लागि हो।

**● के अध्ययन गर्न सकिन्छ?**

- दैनिक जीवनयापनको लागि जापानी भाषा (रेस्टुरेन्ट, अस्पताल, पोस्ट अफिस, किनमेल, विपद् र आपत्कालीन अवस्थाको बेला प्रयोग गरिने जापानी भाषा)
- हिरागाना र काताकाना

**● कसले अध्ययन गर्न सक्छ?**

- ओता सहरमा बसोबास गरिरहेको व्यक्ति
- ओता सहरमा काम गरिरहेको व्यक्ति
- ओता सहरको विद्यालयमा अध्ययन गरिरहेको व्यक्ति

2022 साल अक्टोबर 2 तारिख, 9 तारिख, 16 तारिख, 23 तारिख, नोभेम्बर 6 तारिख, 13 तारिख, 20 तारिख, 27 तारिख र डिसेम्बर 4 तारिख
आइतबार 1:15 pm~3:15 pm (9 पटक)

1,500 येन (किताब र अन्य सामग्री खर्च) 15 जना

① HP
② काउन्टर
अन्तर्राष्ट्रिय सहर ओता संघ
(ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
③ E-mail mail@ota-goca.or.jp
④ FAX 03-6410-7982



## आवेदन खुला बाल अध्ययन सहयोग क्लास

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। स्वयंसेवी शिक्षकहरूसँग विद्यालयको गृहकार्य गरौं।

**● के अध्ययन गर्न सकिन्छ?**

- गृहकार्य सहायता
- किताबको भाषा र शब्दहरूको अध्ययन
- किताबको सस्वरपठन

**● कसले अध्ययन गर्न सक्छ?**

- प्राथमिक विद्यालयको 3 ग्रेड~6 ग्रेडको विद्यार्थी
- ओता सहरमा बसोबास गरिरहेको व्यक्ति
- ओता सहरको प्राथमिक विद्यालयमा अध्ययन गरिरहेको विद्यार्थी

2022 साल सेप्टेम्बर 14 तारिख, 21 तारिख, 28 तारिख र अक्टोबर 12 तारिख, 19 तारिख, नोभेम्बर 2 तारिख, 9 तारिख, 16 तारिख, डिसेम्बर 7 तारिख, 14 तारिख
बुधबार 4:00 pm~5:30 pm (10 पटक)

3,000 येन 10 जना

① HP
② काउन्टर
अन्तर्राष्ट्रिय सहर ओता संघ
(ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota))
③ E-mail mail@ota-goca.or.jp
④ FAX 03-6410-7982

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (कामाता 4-16-8 2F)
केइक्यु कामाता स्टेसनबाट हिँडेर 2 मिनेट
JR कामाता स्टेसन पूर्वी एक्जिटबाट हिँडेर 8 मिनेट

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp

# [माइ-नम्बर कार्डको म्यादमा ध्यान दिनुहोस्]

बसोबास अवधि तोकिएका विदेशी नागरिकहरूको बसोबास अवधि पूरा हुने मितिमा माइ-नम्बर कार्डको म्याद सिद्धिन्छ। बसोबास अवधि नवीकरण गरिएको खण्डमा, माइ-नम्बर कार्डको म्याद लम्ब्याउनु पर्दछ। नवीकरण अघिको बसोबास अवधिको पूरा हुने मितिसम्ममा मुख्य भवनको पारिवारिक निवासी दर्ता शाखा अथवा ओता सहर माइ-नम्बर कार्ड केन्द्रमा आवश्यक प्रक्रिया गर्नुहोस्। प्रक्रिया नगरिएको खण्डमा, माइ-नम्बर कार्ड अमान्य हुनेछ र पुनःजारी गर्नको लागि शुल्क लाग्नेछ। विस्तृत जानकारीको लागि सम्पर्क स्थानमा सम्पर्क गरी निश्चय गर्नुहोस्।

ओता सहर माइ-नम्बर कल सेन्टर
☎ 0570-03-3370
*अंग्रेजी, चिनियाँ र कोरियन भाषामा सेवा उपलब्ध छ।
FAX 050-3737-9318
(सोमबार~शुक्रबार 9:00 am~5:00 pm)



# [ओता सहरवासी खेलकुद माचुरी]

व्यापक रूपमा सहरवासीहरूको खेलकुद प्रतिको चासो र बुझाइलाई गहिराउन र खेलकुदप्रतिको उत्सुकता बढाउनको लागि ओता सहरले "खेलकुदको दिन" मा विभिन्न खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिहरूसँग नजिकिने अवसर प्रदान गर्दछ। बालबालिकादेखि वृद्धवृद्धासम्म सबैले परिवार सहित भाग लिएमा, यो माचुरी विभिन्न पुस्ताहरूको भेटघाट र स्वास्थ्य, शारीरिक शक्ति निर्माण र जिउने आनन्द सृजनाका साथै बासिन्दाहरूको आपसी आदानप्रदान मार्फत समुदाय निर्माणको अवसर बन्छ। साथै सम्बन्धित इभेन्टको रूपमा, अक्टोबर 23 तारिख (आइतबार), मुख्य रूपमा नयाँ खेलकुद स्वास्थ्य जोनमा वकिङ इभेन्ट गरिनेछ।

- 2022 साल अक्टोबर 10 तारिख (सोमबार र सार्वजनिक बिदाको दिन)
- सहर भित्रका खेलकुद सुविधा, पार्क, विद्यालय आदि
- सामान्यतया निशुल्क केही शुल्क लाग्ने कुराहरू पनि छन्।
- कार्यक्रम स्थल अनुसार व्यक्ति संख्या तोकिएको छ।
- सामान्यतया अग्रिम रूपमा आवेदन दिनुपर्दैन। केही अग्रिम रूपमा आवेदन दिनुपर्ने कुराहरू पनि छन्।
- अग्रिम रूपमा आवेदन दिनुपर्ने कुराहरूबारे प्रोग्राममा लेखिएको छ।
- (सार्वजनिक हितकारी संघ) ओता सहर खेलकुद संघ
☎ 03-5471-8787
FAX 03-5471-8789
E-mail info@sports-ota.or.jp

# [फुरुहामा बिच योगा]

खुला आकाशमुनि हावाको लहर र सूर्यको किरण महसुस गर्दै मन पनि शरीर पनि रिसेट गर्न सकिने "बिच योगा"।
आँखा अगाडि समुद्र भएको ठाउँमा बिहानीको घाम तापेर आनन्द लिएर गरिने "मर्निङ योगा" र दिनभरिको थकानबाट मुक्त हुन साँझको बेला गरिने "सन-सेट योगा"। महिला र पुरुष दुबैले रुचाइरहेको योगा नछुटाईकन अनुभव गरेर हेर्नुहोस्!

- मर्निङ योगा: अक्टोबर 8 तारिख (शनिबार) 10:00 am~11:00 am
सन-सेट योगा: सेप्टेम्बर 11 तारिख (आइतबार) 4:30 pm~5:30 pm
- ओमोरी फुरुसातो-नो-हामाबे पार्क बिच एरिया
ओता सहर ओमोरी हिगासी 1-37-1
- निशुल्क
- 30 जना जतिसम्म, क्रम अनुसार प्रयोग।
- सोही दिन स्पोर्टस मैदानमा नाम लेखाउनुहोस्।
- खेल प्रवर्धन शाखा
सोमबार~शुक्रबार 9:00 am~5:00 pm
शनिबार, आइतबार र सार्वजनिक बिदाको दिन बन्द हुनेछ।
☎ 03-5744-1441　FAX 03-5744-1539
E-mail sports@city.ota.tokyo.jp

## 【काचु काइस्यु स्मारक भवन स्थापनाको तेस्रो वार्षिकोत्सव विशेष प्रदर्शनी "संग्रह कागजातहरू प्रदर्शनी ~संरक्षण गरी बताइदै आएको काइस्युको "ऐतिहासिक सम्पद"~"】

2022 साल सेप्टेम्बर 7 तारिखमा काचु काइस्यु स्मारक भवन खोलेको 3 वर्ष पूरा हुन्छ। यो प्रदर्शनीमा, पहिलो भाग र दोस्रो भागमा गरी कुल 20 वटा कागजातहरू (ती मध्येका आधा भन्दा बढी पहिलो पटक प्रदर्शन गरिनेछ) प्रदर्शन गरी, अहिलेसम्म धेरै व्यक्तिहरूबाट प्राप्त भएको चन्दाद्वारा हामीले सङ्कलन गर्न सकेको कागजातहरू तथा पुनर्स्थापना आदिको नतिजा र अर्थबारे जानकारी गराइनेछ।







(पहिलो भाग) 2022 साल सेप्टेम्बर 2 तारिख (शुक्रबार)~अक्टोबर 30 तारिख (आइतबार)
(दोस्रो भाग) 2022 साल नोभेम्बर 3 तारिख (बिहीबार)~डिसेम्बर 25 तारिख (आइतबार)

■ भवन खुला रहने समय 10:00 am~6:00 pm
*सोमबार (सोमबार सार्वजनिक बिदा भएमा, त्यसको भोलिपल्ट)
*अगस्ट 29 तारिख (सोमबार)~सेप्टेम्बर 1 तारिख (बिहीबार) र अक्टोबर 31 तारिख (सोमबार)~नोभेम्बर 2 तारिख (बुधबार) प्रर्दशनी परिवर्तनको लागि भवन बन्द हुनेछ।
* नयाँ जानकारीको लागि ओता सहरको होमपेजमा गई निश्चय गर्नुहोस्।

■ भवनको टिकट शुल्क
सामान्य टिकट 300 येन, प्राथमिक तथा निम्न माध्यमिक विद्यालयको विद्यार्थीको लागि 100 येन
(विभिन्न प्रकारका छुटहरू उपलब्ध छन्)

काचु काइस्यु स्मारक भवन
〒145-0063 ओता सहर मिनामिसेन्जोकु 2-3-1
☎ 03-6425-7608
FAX 03-6425-7610

## 【अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको जानकारी】



ओता सहरमा उच्च माध्यमिक विद्यालयमा भर्ना हुने योजना गरिरहनुभएका कर छुट परिवारको व्यक्तिहरू मध्ये, एक निश्चित स्तरको नतिजा मापदण्ड पूरा गरेका व्यक्तिहरूको लागि अनुदान ढाँचाको छात्रवृत्ति प्रणालीको व्यवस्था छ।
*सर्त तथा छनौट मापदण्डहरूको लागि सम्पर्क स्थानमा सम्पर्क गरी सोधपुछ गर्नुहोस्।

सेप्टेम्बरको सुरु तिरदेखि नोभेम्बरको सुरु तिरसम्म
80,000 येन
70 जना
आवश्यक कागजात आवेदन दिने ठाउँमा लिएर जानुहोस् वा हुलाक मार्फत पठाउनुहोस्।

कल्याण व्यवस्थापन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 8F
☎ 03-5744-1245 FAX 03-5744-1520

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

# 【2023 साल अप्रिलदेखिको नर्सरी स्कुलमा भर्नाको लागि आवेदन】

## 【स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन】

### ● दायरामा पर्ने व्यक्तिहरू

अभिभावकको काम (यसमा काम खोजिरहेको व्यक्ति पनि पर्नेछ), रोग, प्रसूति, नर्सिङ केयर वा बिरामीको हेरचाह, अध्ययन जस्ता कारणले गर्दा घरमा हेरचाह गर्न नसकिने अवस्था भएका शिशुहरू

### ● आवश्यक कागजात वितरण

आर्थिक वर्ष 2023 साल संस्करणको "नर्सरी भर्ना सम्बन्धी पुस्तिका" र आवेदनको लागि आवश्यक फारामहरू सेप्टेम्बर 26 तारिख (सोमबार) देखि आवेदन स्थलहरूमा वितरण गरिने हुनाले, आवेदन दिने तरिका आदि निश्चय गर्नुहोस्।
विदेशी नागरिकहरूको बसोबास योग्यता (भिसा) निश्चय गरिनेछ।

### ● ध्यान दिनुपर्ने कुराहरू

धर्मको कारण खान नहुने खाद्य सामग्री आदि भएमा, आवेदनको बेला जानकारी दिनुहुन अनुरोध गर्दछौं।

### ● बिदाको दिन काउन्टर खुला रहने समय

नोभेम्बर 6 तारिख (आइतबार) 9:00 am~4:00 pm
ओता सहर कार्यालय मुख्य भवन 3F को शिशु स्याहार सेवा शाखाको काउन्टरमा आवेदन लिइनेछ।



2022 साल अक्टोबर 3 तारिख (सोमबार) देखि नोभेम्बर 30 तारिख (बुधबार) सम्म

आवेदन दिने ठाउँमा हेर्नुहोस्।

आवेदन दिने ठाउँमा आवश्यक कागजातहरू लिएर आउनुहोस्

【स्वीकृति प्राप्त नर्सरी स्कुलमा भर्नाको लागि आवेदन】
● ओता सहर कार्यालय मुख्य भवन 3F　शिशु स्याहार सेवा शाखा, शिशु स्याहार सेवा प्रयोग सहायक कर्मचारी
ओता सहर खामाता 5-13-14
☎ 03-5744-1280　FAX 03-5744-1715
आवेदन फाराम भर्ने तरिका थाहा नभएमा, परामर्श आवश्यक वा अन्य नबुझेको कुरा भएमा, शिशु स्याहार सेवा शाखामा सम्पर्क गर्नुहोस्।

प्रकाशन　ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota)　☎ 03-5744-1227　FAX 03-5744-1323
हामीले यो जानकारीपत्र वर्षमा 8 पटक 6 भाषाहरू (सजिलो जापानी, अंग्रेजी, चिनियाँ, नेपाली, टगालोग र भियतनामिज) मा प्रकाशन गरिरहेका छौं।
यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता सहरका सुविधाहरू र JR खामाता, ओमोरी, केइक्यु खामाता जस्ता सहर भित्रका प्रमुख स्टेसनहरूमा वितरण गरिन्छ।